①९८५८०७२१११

ठाकुरबाबा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शिक्षा,युवा तथा खेलकुद शाखा

(Google Plus Code: C8RJ+C6 Neulapur) सैनवार, बर्दिया Sainawar, Bardiya | लुम्बिनी प्रदेश, नेपाल Lumbini Province, Nepal

आ.व. २०७९।८०

च.न. ६४

मिति २०७९।०४।०६

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु

ठाकुरबाबा नगरपालिका बर्दिया ।

विषय : विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।

प्रस्तुत विषयमा यहि मिति २०७९।३।२८ गते बसेको नगर शिक्षा समितिको निर्णयनुसार ठाकुरबाबा पालिकाको संशोधित शिक्षा ऐन अनुसार विद्यालय व्यवस्थापन समिति गठनका लागि आवश्यक प्रक्रिया आरम्भ गरि २०७९ श्रावण भित्र वि.व्य.स. गठन सम्पन्न गरि वि.व्य.स.लाई पूर्णता दिएर वि.व्य.स. को नियमित निर्णय द्वारा विद्यालय संचालन व्यवस्थापन गर्ने गराउने कार्य गर्नुहोला । वि.व्य.स. गठन प्रक्रिया र समितिमा रहने पदाधिकारी सम्वन्धि प्रावधान ठाकुरबाबा न.पा. को वेबसाइट thakurbabamun.gov.np मा गई शिक्षा ऐन २०७५ मा हेर्न सकिने व्यहोरा अनुरोध छ ।

२०७९।०४।०६

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

रामहरि रिजाल
प्रमुख प्रशासकीय अधिकृत

नोट : विद्यालय व्यवस्थापन समिति गठनको पूर्णता सगै शिक्षक अभिभावक संघ गठन र सामाजिक परीक्षण समितिको गठनको कार्य तत्काल सम्पन्न गर्नु गराउनुहोला ।

ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्याः ४ प्रमाणिकरणः २०७९।०३।१५

प्रकाशन मितिः २०७९।०३।१५

## भाग–१

## ठाकुरबाबा नगरपालिका

### ठाकुरबाबा नगरपालिकाको सूचना !

ठाकुरबाबा नगरपालिकाको मिति २०७९।०३।०९ गतेको नगरसभा बाट **"ठाकुरबाबा नगर शिक्षा ऐन, २०७५" को दफा ०५ उपदफा २ संशोधन भएको हुंदा** सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**ठाकुरबाबा नगर शिक्षा ऐन, २०७५**

**पहिलो संशोधन, २०७९**

**ऐनको दफा ५ उपदफा २ देहाय बमोजिम संशोधन ।**

**दफा ५ उपदफा (२)** विद्यालय व्यवस्थापन समितिको अवधि गठन भएको मितिले ३ वर्षको हुनेछ तर कुनै कारणवस सो अवधि भित्र अध्यक्षको पद रिक्त भएमा सदस्यहरुको समेत स्वतः पद रिक्त हुनेछ ।

आज्ञाले

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत